United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

# युनेस्को बुलेटिन

UNESCO BULLETIN

चौमासिक बुलेटिन

वर्ष ४६ अङ्क ३ चैत २०७५ – असार, २०७६

Year - 46 Edition-3, April - July 2019

## पृष्ठभूमि

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको बार्षिक कार्यक्रम अन्र्तगत दिगो विकासका लक्ष्यहरु मध्ये मूलत लक्ष्य नं. ४ मा रहेको शिक्षासँग सम्बन्धित विभिन्न शैक्षिक क्रियाकलापहरु गर्ने,युनेस्कोका आदर्शहरु शान्ति मैत्री तथा आपसी सद्भाव, सहनशीलता, मानव अधिकारप्रतिको सम्मान,सहकार्य सामूहिक प्रयास, सामाजिक न्याय तथा उपलव्धिको न्यायोचित वितरण, रचनात्मक सिर्जनशीलताद्वारा शान्ति, प्रगति तथा समृद्धिको प्रवर्द्धन र संस्थागत विकास जस्ता विभिन्न पक्षहरुका बारेमा सरोकारवालहरुबीच जानकारी गराई युनेस्कोका गतिविधिहरुको बारेमा प्रचार प्रसार समेत गर्ने गरी कार्यक्रम तर्जुमा भएको थियो ।

तसर्थ आ.ब.२०७५।०७६ को तेस्रो चौमासिकमा सञ्चालन भएका कार्यक्रमहरु युनेस्कोका गतिविधिहरुको बारेमा जानकारी गराउने, युनेस्को सचिवालयसँग आबद्ध विद्यालयहरुका प्रधानाध्यापक, शिक्षकहरुलाई जलवायु परिवर्तन असर न्यूनीकरण सम्बन्धी गोष्ठी सञ्चालन गर्नु, गोष्ठीबाट आवश्यक पृष्ठपोषण प्राप्त गर्नुका साथै दिगो विकासका लागि शिक्षाका लक्ष्यहरुको बारेमा नेपालको अवस्था के छ ? स्थानीय सरकारको स्थिति के कस्तो छ ? कसरी राष्ट्रिय लक्ष्यमा पुग्न सकिने भन्ने सम्बन्धमा विद्यमान शैक्षिक नीतिका आधारमा सरोकारवालाहरु बीच छलफल एवम् अर्न्तकृयात्मक गोष्ठी सञ्चालन गर्नु, विद्यालयहरुलाई अर्न्तराष्ट्रिय स्तरमा सम्बन्ध कायम गराउनका लागि युनेस्को आवद्ध विद्यालयहरुको परियोजना सञ्जाल बढाउनका लागि सञ्जालमा विद्यालयहरुलाई आबद्ध गराउने र युनेस्कोको वार्षिक सभा सञ्चालन जस्ता क्रियाकलाप तेस्रो चौमासिकको अवधिमा सम्पन्न भएका कार्यक्रम तथा गतिविधिहरुलाई यस बुलेटिनमा समेटिएको छ।

## सम्पादकीय

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालले स्थानीय अग्रसरतामा जलवायु परिवर्तन र असर न्युनीकरण,युनेस्कोका नवप्रवर्तनहरुको प्रचारप्रसार कार्यक्रम, विद्यालय तहमा भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी अभिमुखीकरण युनेस्को सचिवालयसँग आवद्ध विद्यालयहरुको अनुगमन, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको वार्षिक सभा लगायतका विषयवस्तु यस अङ्कमा समावेश गरिएको छ । यसै सन्दर्भमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा मानव समाजका प्रमुख विषय क्षेत्रलाई लिएर विश्व शान्ति र समृद्धिका लागि समर्पित युनेस्कोको अवधारणा तथा अभियानहरुलाई मार्गदर्शकका रुपमा लिएर अगाडि बढिरहेको छ ।

## तेस्रो चौमासिक बुलेटिनका विषयवस्तु

- युनेस्कोका नवप्रवर्तन सम्बन्धी कार्यक्रम, बझाङ, खोटाङ,
- भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी कार्यक्रम मकवानपुर
- दिगो विकासका लागि शिक्षा २०३०, कार्यक्रम सुर्खेत
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्र्तगत रहेका समितिका गतिविधिहरु
- संस्कृति समिति, मानव र जीव मण्डल (Man and Biosphere)
- एएसपिनेटका गतिविधि
- वैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमणहरू
- संयुक्त राष्ट्रसङ्घीय दिवस मनाउने संघसस्थाहरु
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको वार्षिक सभा २०७६
- विविध

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# तेस्रो चौमासिकमा सम्पादित कार्यक्रमहरू

**क) युनेस्कोका नवप्रवर्तनहरुको प्रचार प्रसार २०७६।१२।१९ बझाङ**

युनेस्कोले ल्याएका नवीनतम अवधारणालाई केन्द्र देखि स्थानीय स्तरसम्म प्रचारप्रसार गर्ने तथा युनेस्कोको उद्देश्य एवम् आदर्शहरुलाई जानकारी गराउने प्रमुख उद्देश्य राखी युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार सम्वन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । गोष्ठीमा अर्न्तक्रियाको माध्यमबाट दिगो विकासको लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षा प्राप्त गर्न विद्यालयको तर्फबाट के कस्ता कार्ययोजना तर्जुमा गर्ने भन्ने सम्बन्धमा समेत छलफल भएको थियो । सहभागीहरुबाट आफ्नो विद्यालयमा गरिएका अभ्यासहरुको बारेमा विचार आदान प्रदान गरिएको थियो । कार्यक्रममा सहजिकरण प्राविधिक अधिकृत पदमराज जोशी , र कुमार बस्नेतबाट भएको थियो भने शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट धन्यवाद ज्ञापन गरिएको थियो ।

केहि झलकहरु



बझाङमा सहभागिहरु



बझाङमा सहभागीहरु

**ख) मिति २०७६ जेठ ४ गते, दिक्तेल, खोटाङ**

युनेस्कोका नवप्रवर्तन सम्बन्धी क्रियाकलाप एवम् सामुदायिक विद्यालय सुदृढिकरण विषयक १ दिवसीय अर्न्तक्रिया कार्यक्रममा सामुदायिक विद्यालयको विद्यमान अवस्था र आगामी दिनमा थप समृद्ध बनाउन अवलम्बन गर्नु पर्ने क्रियाकलापको बारेमा नगरपालिकामा अवस्थित विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा शिक्षासँग सरोकार राख्ने संघ संस्थाहरूका पदाधिकारीहरू शिक्षा विकास तथा समन्वय इकाइ, नगर/गाउँ शिक्षा समितिका पदाधिकारीहरू,नगरपालिकामा शिक्षा हेर्ने पदाधिकारी, सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरू, शिक्षा सम्बन्धी गैर सरकारी संस्थाका प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् पदाधिकारीहरु सँग सामुदायिक विद्यालयहरुलाई अझ बढी सबल र सुदृढ बनाउन अपनाउनु पर्ने विषय क्षेत्रमा वृहत रुपमा अर्न्तक्रिया भएको थियो । विद्यालय सुदृढिकरणका लागि आवश्यक पर्ने विषयगत शिक्षक दरबन्दी, विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी व्यवस्थापन, विद्यालयको भौतिक व्यवस्थापन, शैक्षिक सामाग्री व्यवस्थापन लगायतका विषयमा अर्न्तक्रिया भएको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सामाजिक समितिका संयोजकहरुले शिक्षाको गुणस्तर अभिवृद्धिका लागि आफ्नो विद्यालयमा अपनाइएका रणनीतिहरुका बारेमा प्रस्तुत भएको थियो ।

अर्न्तक्रियात्मक कार्यक्रमको सहजिकरण वरिष्ठ पत्रकार राजेन्द्र प्रसाद दाहाल, शिक्षाविद् डा. बाबुराम अधिकारी, युनेस्को सचिवालयका सचिव खगराज पौड्याल, शाखा अधिकृत कुमार बस्नेत, शिक्षा पत्रकार श्रीधर पौडेलबाट भएको थियो । केन्द्रबाट विज्ञको रुपमा जानु भएका पत्रकार राजेन्द्र दाहाल र डा. बाबुराम अधिकारीले सामुदायिक विद्यालय सुदृढ बनाउन सकारात्मक सोचका साथ समयमै योजना बद्ध ढङ्गबाट सामूहिक अपनत्वको भावना बोकेर विद्यालयका गतिविधिमा संलग्न हुदा नमूना र उदाहरणीय विद्यालय बन्न सक्ने विभिन्न उदाहरणको माध्यमबाट सहजिकरण गर्नु भएको थियो ।

कार्यक्रमको उद्देश्य तथा युनेस्को सचिवालयले गरिरहेका कृयाकलाप मध्ये दिगो विकासको लक्ष्य नं. ४ बमोजिम गरि नुपर्ने क्रियाकलापको बारेमा युनेस्को सचिवालका सचिव श्री खगराज पौड्यालबाट जानकारी गराईको थियो । युनेस्को आबद्ध विद्यालय परियोजना सञ्जालको बारेमा श्री उषा पोखरेलले जानकारी गराउनु भएको थियो ।



**कार्यक्रममा राजेन्द्र प्रसाद दाहाल, डा. बाबुराम अधिकारी, श्रीधर पौडेल, खगराज पौड्याल, सेमन्त गौतम**



**अर्न्तक्रियात्मक कार्यक्रममा सहभागिहरु**



**कार्यक्रममा मन्तव्य दिदै सचिवालय सचिव श्री खगराज पौड्याल**

**ग) भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी कार्यक्रम, हेटौडा, मकवानपुर मिति २०७६ जेठ २० र २१ गते**

जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, भुमण्डलीय नागरिक शिक्षा, मानव अधिकार शिक्षा र शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवावर्ग तयार पार्ने र युनेस्कोका उद्देश्य, आदर्श तथा अवधारणाहरूलाई स्थानीय तहसम्म पुऱ्याउनेका साथै

अन्तर्राष्ट्रिय रूपमा नेपालले गरेको प्रतिबद्धता बमोजिम दिगो विकासको लक्ष्य नं. ४ को ४.७ का सूचकहरूसँग सम्बन्धित भूमण्डलीय नागरिक शिक्षाका सन्दर्भमा प्रत्येक व्यक्तिले हरेक ढंगबाट आफूलाई सुव्यवस्थित बनाई असल र सभ्य नागरिकको रूपमा प्रस्तुत हुन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने, मूलतःव्यवहार परिवर्तनमा आफूलाई प्रत्यक्ष रूपमा संलग्न गराउनु पर्ने विषय क्षेत्रमा केन्द्रित रही विद्यालयको अग्रसरतामा भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी क्रियाकलापको प्रवर्द्धन सम्वन्धी कार्यक्रम युनेस्को सचिवालयसँग आबद्ध विद्यालयहरूका प्रधानाध्यापक/शिक्षकहरूको सहभागितामा प्रदेशस्तरमा कार्यक्रम सम्पन्न भएको ।

**कार्यक्रमको उद्देश्य :**

१) Sustainable Development Goals (SDGs) को वारेमा जानकारी गराउनु, Sustainable Development Goals (SDGs) मध्ये Goal 4 र Education 2030 वारे जानकारी गराउनु,

२) Sustainable Development for Education मा आवद्ध भएका विद्यालयहरूले गरेका अनुकरणीय कार्यहरुको वारेमा जानकारी गराउनु,

३) भूमण्डलीय नागरिक शिक्षाका विश्वव्यापी सूचक र नेपालको सन्दर्भमा विद्यालय, समुदायले निर्वाह गर्नु पर्ने भूमिकाको बारेमा अर्न्तक्रिया गर्नु ।




**शिक्षा, विज्ञान तथा प्रविधि सचिव श्री खगराज बरालज्यू,**



**हेटौडामा सहभागीहरु ।**

उक्त कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री खगराज बरालज्यूको विशेष उपस्थितिमा कार्यक्रम सञ्चालन भएको थियो ।

सचिवज्यूबाट भूमण्डलीय नागरिक शिक्षा सूचकका भरमा भन्दा पनि व्यवहार परिवर्तन , आफुले योगदान गर्न सकिने, सचेतना तथा बालबालिकाहरुलाई समेत विभिन्न संस्कार, रितीरिवाज, संस्कृति, मूल्य र मान्यतालाई परिपालना गर्न गराउन शिक्षकको महत्वपूर्ण भूमिका हुने व्यहोरा मन्तव्यको क्रममा व्यक्त गर्नु भयो ।

भूमण्डलीय नागरिक शिक्षा र जलवायु परिवर्तन असर न्यूनीकरणका कार्यमा विद्यालयहरुले खेलेको भूमिकाहरुको सम्बन्धमा विद्यालयबाट सहभागी हुन आउनु भएका शिक्षकहरुबाट विचारहरु आदान प्रदान गरिएको थियो । कार्यक्रममा राखिएका विषयवस्तुको सहजिकरण खगराज पौड्याल, कुमार बस्नेत र पदमराज जोशीबाट भएको थियो ।

**घ) दिगो विकासका लागि शिक्षा National Framework for Action,Education, 2030 सम्बन्धी कार्यक्रम मिति २०७६ साल जेठ २७ गते सुर्खेत**

दिगो विकासका लागि शिक्षा National Framework for Action,Education 2030 सम्बन्धी सुझाव तथा पृष्ठपोषण सम्बन्धी कार्यशालामा दिगो विकासका लागि शिक्षाको लक्ष्य न. ४ मा समावेशी र समतामूलक गुणस्तरीय शिक्षाका सम्बन्धमा उल्लेख भएका विभिन्न सूचकहरुको बारेमा छलफल गरिएको थियो । शिक्षा सम्बन्धी सूचक र अवस्थालाई दृष्टिगत गरी सरोकारवालाहरु समक्ष यसको ढाँचा र अवस्थाको बारेमा जानकारी प्रदान गर्ने उद्देश्य सहित यस कार्यशाला गोष्ठीको आयोजना गरिएको हो ।

कार्यक्रमका उद्देश्य देहाय वमोजिम रहेका छन् ः

क) दिगो विकासका लागि शिक्षा सम्बन्धी लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षाका बारेमा जानकारी गराउनु ।

ख) Sustainable Development Goal, National Frame Work for Action (2016- 2030) को बारेमा जानकारी गराउने

ग) दिगो विकासका लागि शिक्षाका विभिन्न सूचकहरुको आधारमा शैक्षिक योजना निर्माण तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि खेल्नु पर्ने भूमिकाहरुको बारेमा जानकारी गराउनु ।

घ) दिगो विकासका लागि निर्धारण गरिएका शिक्षा सम्बन्धी मार्ग चित्रको बारेमा जानकारी गराउनु

ङ) विश्व नागरिक शिक्षा र जलवायु परिवर्तन सम्बन्धी विषयक्षेत्रको बारेमा जानकारी गराउनु ।



**सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, स्थानीय जनप्रतिनिधिहरु**

कार्यक्रममा जनप्रतिनिधिहरु,शिक्षा अधिकृत, शिक्षक तथा प्रधानाध्यापक , लगायतका सरोकारवालाहरुले चाँसोका साथ यस कार्यक्रमको उल्लेखित उद्देश्य बमोजिम छलफल गरिएको थियो । सहभागीका तर्फबाट कार्यक्रमको अवधारणा तथा Sustainable Development Goal:4 , National Framework for Action को बारेमा जानकारी गराइएको थियो । जिल्लाका शैक्षिक, भौतिक र भौगोलिक अवस्थिति समेतका आधारमा विभिन्न समस्याहरू प्रस्तुत गर्दै त्यस्ता समस्या समाधानमा सघाउ पुऱ्याउने उपायका बारेमा सामूहिक रुपमा छलफल भएको थियो । सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, स्थानीय जनप्रतिनिधिहरुबाट मन्तव्य सहितका प्राप्त सुझावहरु यस प्रकार रहेका थिए ।

**समावेशी र समानताका लागि गरिएका क्रियाकलापहरु (To Ensure Inclusive and Equitable Education)**

- विपन्न छात्र छात्रा लक्षित,पारिवारिक,आयमूलक रोजगारको पहुँच
- रङ्गिन पाठ्यपुस्तकको गुणस्तरीयता
- अपाङ्ग मैत्री भवन पूर्वाधार,तालिम प्राप्त शिक्षक र स्रोत सामाग्रीको व्यवस्था
- छात्रवृत्तीको न्यायिक वितरण
- दिवा खाजाको व्यवस्था
- प्रविधि मैत्री र विद्यार्थी केन्द्रित शिक्षण विधि
- विद्यालयको भौतिक पूर्वाधारको उचित व्यवस्था
- शिक्षक विद्यार्थी अनुपात तथा कक्षागत शिक्षक व्यवस्था तहगात र विषयगत
- Low cost र No cost र Local शैक्षिक सामाग्रीको व्यवस्था
- विविधताको व्यवस्थापन र सम्मान जातीय,लैङ्गिक धार्मिक,भाषिक, आर्थिक, भौगोलिकता,संस्कृति, संस्कृति ,स्तर क्षमता आदी
- पाठ्यक्रम र पाठ्यपुस्तक विद्यार्थीको सक्रियता बढ्ने गरी,

परियोजना कार्यमा आधारीत हुने गरी परिमार्जन गरिनुपर्ने

- सबैको सम्मान,पहिचान र अपनत्व हुनेगरि विद्यालय सञ्चालन गरिनु पर्ने

**गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि गर्नु पर्ने कार्यहरु For quality Education Strengthening**

- शिक्षामा कम्तीमा २० प्रतिशत बजेट हुनु पर्ने ।
- विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन
- सुरक्षित भौतिक सरचना
- विद्यालयमा अनिवार्य खाजाको व्यवस्था
- मागको आधारमा शिक्षक तालिम
- वर्गको आधारमा छात्रवृत्तीको व्यवस्था
- विद्यालयमा ICT व्यवस्था
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउने
- विद्यालयमा खेल मैदान र तारबारको व्यवस्था
- प्रत्येक विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था
- अभिभावक र शिक्षाका सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील बनाउने

**सबैको लागी जीवन पर्यन्त शिक्षाका अवसर Life Long Learning Opportunity for All**

- सिकारुको सक्रिय सहभागीता बढाउन प्रोत्साहनमूलक, प्रेरणादायी, कार्यक्रम र बजेट प्याकेज हुनु पर्ने,
- राजनैतिक र सामाजिक परिचालन गर्ने,
- साक्षरता केन्द्र टोलटोलमा स्थापना गरी पुस्तकालय स्थापना गर्ने,
- पाठ्यक्रमलाइ आवश्यकतामूखी र Cross Cutting Issue आधारीत बनाउने,
- सहजकर्ताको लागी न्यूनतम पारिश्रमिक प्रदान गर्ने
- अनुगमन र मुल्याङ्कनमा बढी जोड दिने
- वडा पालिकालाइ सक्रिय नेतृत्वकर्ता बनाउने
- वडा पालिकामा साक्षर निरक्षरको लगत खडा गरी अध्यावधिक गर्ने
- साक्षरता सीपलाइ वडा पालिकाको सेवा सुविधा प्राप्त गर्ने पूर्व शर्त बनाउने
- Each one Teach One, If you know teach If you do not know learn अभियान सञ्चालन गर्ने

**Associate School Project Network ( ASPNet ) युनेस्को आबद्ध विद्यालय परियोजना**

**सञ्जालका गतिविधिहरु**

कार्यक्रम अन्तर्गत ASPnet मा आवद्ध भएका र आवद्ध हुन चाहने विद्यालयहरुका लागि अभिमुखिकरण कार्यक्रम मिति २०७५ चैत्र २० र २१ गते डोटी जिल्लाको दिपायलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा एएसपिनेटका राष्ट्रिय संयोजक श्री मिमकाजी श्रेष्ठ एवम् श्री मातृका सुवेदी, श्री महेश्वर शर्मासमेतबाट सहजिकरण भएको थियो । आबद्ध हुन चाहने विद्यालयहरुलाई आबद्धहुन र यसबाट हुने फाइदाका बारेमा चर्चा परिचर्चा गरिएको थियो ।



**कार्यक्रममा सहभागिहरु**



**दिपायलमा सहभागीहरुका साथ शिक्षा विकास निर्देशनालयका निर्देशक श्री चन्द्रकान्त भुषाल**

नेपाल युनेस्को संघ संस्था तथा क्लवहरुको राष्ट्रिय महासंघद्वारा नेपाल युनेस्को संघ संस्था तथा क्लवहरुको राष्ट्रिय महासंघद्वारा आयोजित " अमुर्त सास्कृतिक संपदाको संरक्षणमा युनेस्को क्लवहरुको भूमिका " विषयक प्रवचन गोष्ठी सम्पन्न मिति २०७६।३।२७ गते सम्पन्न भयो । उक्त गोष्ठीमा प्रा. तुलसी दिवस, सह प्रा. डम्बर वीर थापा, प्रा.डा. प्रेमनारायण अर्यालबाट, हरिवंश किरात, आनन्दराज त्रिपाठीसमेतको संलग्नता रहेको थियो । गोष्ठीमा अमुर्त नभनी अभौतिक भन्ने गरेको बताउनु हुदै ठोस रुपमा नदेखिने हाम्रा चाडपर्व, गीत सङ्गित र लोक संस्कृति हो भन्नु भयो । उहांले नेपालको परिप्रेक्ष्यमा अभौतिक संस्कृति भन्नाले लोकवार्ताको संस्कृति हो, जहां नाचगान,रितीरिवाज,चाडपर्व विश्वास आदी सवै पर्छ तसर्थ सास्कृतिक सम्पदाको संरक्षणमा युनेस्कोको प्रमुख भूमिका रहेको बताउनु हुदै अमूर्त सास्कृतिक सम्पदा विस्तारै लोप हुने अवस्थामा पुगेकोले यस लाई जोगाउन युनेस्कोकर्मी लाग्नु पर्ने र यसको संरक्षणका लागि खेल्नु पर्ने भूमिकाको बारेमा समेत गाष्ठीमा चर्चा भएको थियो ।




**अभिमुखीकरण कार्यक्रममा सहभागीता**



**कार्यक्रममा सहभागिहरु**

युनेस्को आयोग अर्न्तगतका विभिन्न विषय समिति र विशेष समितिका बैठकहरू आवश्यकता अनुसार सम्पन्न गर्नुका साथै विषय समितिहरूबाट आ-आफ्नो क्षेत्रसँग सम्वन्धित सेमिनार, गोष्ठी तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।

**विषय समितिबाट सञ्चालन भएका केही गतिविधि**



**मा. छक्क बहादुर लामा, मा. खेम नेपाली, उपकुलपति डा. जगमान गुरुङ्ग, प्रा. दिनेश राज पन्त संस्कृति समितिले आयोजना गरेको कार्यक्रममा**

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अर्न्तगतको संस्कृति समितिबाट मिति २०७६।३।२६ गते राष्ट्रिय नाँचघर, जमलमा समितिका संयोजक श्री रमेश रञ्जन झा ज्यूको संयोजकत्वमा सञ्चालन भएको थियो। उक्त कार्यक्रममा मा. छक्क बहादुर लामा, मा. खेम नेपाली , सहसचिव श्री भरतमणि सुवेदी, रमेश रञ्जन झाबाट कार्यपत्र सहित संस्कृतिका सम्बन्धमा प्रस्तुतीकरण भएको थियो। भने नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. जगमान गुरुङ, प्राज्ञ दिनेशराज पन्तबाट मन्तव्य व्यक्त भएको थियो। कला र संस्कृतिको जगेर्नाका लागि खेल्नुपर्ने भूमिकाको बारेमा बहस भएको थियो भने नेपाल सरकारको तर्फबाट संस्कृति जगेर्नाका लागि चालिएका कदम र वर्तमान नीतिका बारेमा सहसचिव श्री भरतमणि सुवेदीबाट प्रस्तुतीकरण गरिएको थियो।

**संयुक्त राष्ट्रसङ्घीय दिवस सम्बन्धमा**

- युनेस्को क्लब तथा केन्द्रहरुको महासंघ, युनेस्को क्लब, विद्यालय लगायतका विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा . संयुक्त राष्ट्र संघीय दिवस र युनेस्को दिवसहरु मनाउने कार्य सम्पन्न भएको छ। सो कार्यमा संलग्न हुने संस्थाहरुमा श्री प्रगति नेपाल, काठमाडौं, श्री National Disabled Youth Network Nepal, किर्तीपुर काठमाडौं, श्री सेती युनेस्को सङ्घ, धापासी काठमाडौं, श्री नेपाल युनेस्को क्लब सुर्खेत, श्री जनकल्याण उद्धार केन्द्र, नयाँवानेश्वर काठमाडौंबाट कार्यक्रम सञ्चालन गरिएको थियो।

**क्षमता अभिवृद्धि कार्यक्रम**

आयोगको सचिवालयको कर्मचारीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रम राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र किर्तीपुरमा मिति २०७६ साल असार २१ र २२ गते सम्पन्न भएको थियो। आर्युवेद, योग र सकारात्मक विचारको माध्यमबाट व्यक्तिगत जीवनका साथै कार्यालयको कार्यसम्पादनमा समेत चुस्तता ल्याउने विचार आयुर्वेदका विज्ञ डाक्टर तथा स्वामी अनिल डा. हरिहर पोखरेलबाट सहजिकरण भएको थियो।




**स्वामी तथा तालिम केन्द्रका डा. रामाधार यादव, डा. निर्मल भुषालसँग अर्न्तक्रिया हुदै वैदेशिक तालिम, अध्ययन, अवलोकन भ्रमणकार्यक्रम**

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय मार्फत विभिन्न विषयहरुमा प्राप्त हुन आएका वैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमणमा नेपालको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यू लगायत अन्य विभिन्न मन्त्रालय र निकायका पदाधिकारी गरी जम्म १५ जनाले वैदेशिक तालिम, अवलोकन तथा अध्ययन भ्रमण गर्नु भएको थियो। यस्ता

खालका गतिविधिबाट नेपाल युनेस्कोको सदस्य राष्ट्र भएकोले युनेस्कोका आदर्श, मूल्य र मान्यता तथा विश्व परिवेशमा शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र सामाजिक क्षेत्रमा भए गरिएका गतिविधि, नीति र कार्यान्वयनको अवस्थाको बारेमा जानकारी हुने भएकोले दिगो विकासको लक्ष्य प्राप्त गर्न राज्यलाई सहयोग पुगेको छ।

**युनेस्को निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालमा कार्यरत उप सचिव श्री ज्ञानेन्द्र वनको विदाई कार्यक्रम**



**सचिवालयबाट विदाई भई जान लाग्नु भएका उपसचिव श्री ज्ञानेन्द्र वन**

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयमा मिति २०७६।३।२६ देखि नव नियुक्त सहायक महासचिव डा. बावुराम अधिकारीलाई सचिवालयमा स्वागत कार्यक्रम सम्पन्न गरियो।



**सहायक महासचिव डा.बावुराम अधिकारीबाट पद बहाली**

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको एकतिसौं वार्षिक सभा २०७६

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको एकतिसौं वार्षिक सभा २०७६ आषाढ २८ गते, काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता आयोगका अध्यक्ष एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा. गिरिराजमणि पोखरेलज्यूबाट भएको थियो।

सहायक महासचिव डा. बावुराम अधिकारीज्यूको स्वागत मन्तव्यबाट शुरुवात भएको थियो। आयोगको सहायक महासचिवमा आफू भर्खर आएको र यस सम्बन्धमा अध्ययन गरी आयोगको वार्षिक सभामा सदस्यहरुबाट प्राप्त पृष्ठपोषण र सुझावसमेतका आधारमा निश्चित कार्ययोजना तर्जुमा गरी युनेस्कोका आदर्श, मूल्य र मान्यतालाई केन्द्रविन्दुमा राखि सबै विषय क्षेत्रका विद्वान सदस्यहरुसँगको समन्वयमा आयोगको सचिवालय अगाडि बढ्ने धारणा राख्नु भयो।

शुभकामना मन्तव्यको क्रममा युनेस्को काठमाडौंका शिक्षा प्रमुख श्री बलराम तिमिल्सिनाबाट वार्षिक सभाको सफलताको शुभकामना सहित दिगो विकासका लक्ष्य प्राप्त गर्न (खास गरी लक्ष्य नं. ४ सँग सम्बन्धित ) आयोगमा विभिन्न विषय क्षेत्रबाट आउनु भएका महानुभावहरुको महत्वपूर्ण योगदान हुने कुरा व्यक्त गर्नु भयो। आयोगसँग युनेस्को काठमाडौंले आवश्यक सहयोग र समन्वय गर्दै आफ्ना क्रियाकलापहरु अगाडि बढाउने प्रतिबद्धता समेत जनाउनु भयो।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव एवम् शिक्षा, विज्ञान तथा प्रविधि सचिव श्री खगराज बरालज्यूबाट विस्तृत प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रतिवेदनमा वर्ष भरि गरिएका क्रियाकलापका साथै आयोगबाट शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार, सामाजिक, Man and Biosphere र International Hydological Programe समितिहरुमा रहनु भएका विद्वान संयोजक एवम् सदस्यहहरुबाट आगामी दिनमा रचनात्मक सल्लाह र सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो।

वार्षिक सभामा पेस गरिएका एजेण्डागत रुपमा छलफल अन्तर्क्रिया तथा आवश्यक पृष्ठपोषण आयोगका सदस्यहरुबाट प्राप्त भएको थियो। आयोगका सदस्यहरुबाट प्रस्तुत प्रतिवेदन माथि विशेष छलफल गरिएको थियो।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. हृदयरत्न बज्राचार्यबाट आफू सन् १९८६ देखि युनेस्कोसँग आबद्ध रहेकोले युनेस्कोका सबै क्षेत्रलाई समेट्ने खालका गतिविधिमा आयोग, सचिवालय लाग्नु पर्ने, विभिन्न सम्पदा संरक्षणमा समन्वकारी भूमिका खेल्नुपर्ने र विश्व विद्यालयले पुरातात्विक महत्वका सम्पदाका विषयवस्तुलाई समेत ध्यानमा राखेर आफ्ना गतिविधि अगाडि बढाउने विचार व्यक्त गर्नु भयो।

- कार्यक्रममा खुला विश्व विद्यालयका उपकुलपति प्रा.डा. लेखनाथ शर्माबाट आयोगको सदस्यको हैसियतले विश्वविद्यालयको




**कार्यक्रममा माननीय मन्त्रीज्यू, उपकुलपतिहरु, महासचिव, स.महासचिव,शिक्षा प्रमुख युनेस्को काठमाडौं**

तर्फबाट समेत उपयुक्त र मिल्दो क्रियाकलापहरुमा आयोगसँग समन्वय गरेर शैक्षिक गतिविधिमा सहकार्य गरिने र आयोगलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाउनु भयो। सात वटै समितिबाट कार्ययोजना तयार गरी कार्यान्वयनमा लाग्नु पर्ने कुरामा जोड दिनुभयो । विद्यमान मानवीय स्रोतको समुचित प्रयोग गर्नु पर्ने र आयोगका सबै समितिहरुसँग समन्वय गरेर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा मा. मन्त्रीज्यूबाट सहायक महासचिव लगायत नवगठिन आयोगका सबै महानुभावहरुमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त भएको थियो । मन्तव्यको क्रममा सबै क्षेत्रका व्यक्तित्व आयोगमा रहनु भएकोले सुझावको अपेक्षा, कार्यान्वयनका लागि सबैबाट कार्यन्वयनमा आफ्नो आफनो क्षेत्रबाट लाग्नु हुने अपेक्षा सहित सबै क्षेत्रका व्यक्तित्व आयोगमा रहनु भएकाले आयोग एउटा Think Tank को रुपमा रहने विश्वास व्यक्त भयो । वार्षिक सभालाई कर्मकाण्डी भन्दा कार्यमुखी हुनु पर्ने स्थिति रहेकोमा जोड दिनु भयो । आयोगमा ,एजेण्डा विहिन एजेण्डा बनाएर छलफल गर्नु पर्‍यो , यसले समग्र रुपमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन सक्ने कुरामा जोड दिनुभयो ।

हामीले पूर्वीय मान्यतालाई ठीक ढंगबाट पक्रनु पर्ने, मूल्यमा आधारित भएर जानु पर्ने अवस्था, बीचमा अलमल भएको स्थिती भएकोले पूर्वीय मान्यता र पश्चिमेली मूल्य र मान्यतालाई पनि पक्डनु पर्‍यो, जिम्मेवारी जुन मोडमा भएको छ , नीति बनाउन , सुझाव दिन यो आयोग सफल होस् भन्ने अपेक्षा व्यक्त गर्नु भयो ।

**वार्षिक सभाका केहि दृश्यहरु**



**माननीय मन्त्रीज्यूबाट कार्यक्रमको उद्घाटन**




माननीय मन्त्रीज्यूबाट सम्वोधन हुदै



वार्षिक सभामा महासचिवबाट प्रतिवेदन प्रस्तुत



उपकुलपतिहरु, महासचिव, सचिवालय सचिव




युनेस्को काठमाडौंका शिक्षा प्रमुख बलराम तिमल्सिनबाट शुभकामना मन्तव्य



सहायक महासचिव डा. बावुराम अधिकारीबाट स्वागत मन्तव्य



वार्षिक सभामा सहभागिहरु

# समग्रमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयबाट सम्पादन भएका कार्यक्रहरुबाट प्राप्त उपलब्धिहरु :

- निर्धारित कार्यक्रमहरु समयमै सम्पन्न गरिएको ।
- स्थानीय सरकार देखि केन्द्रीय सरकारसँगको समन्वयमा कार्यक्रम सम्पन्न भएको ।
- युनेस्कोका आदर्श, मूल्य र मान्यताहरुलाई विद्यालय तहसम्म विभिन्न माध्यमबाट पुर्‍याउन आवश्यक सहजिकरण भएको ।
- विभिन्न देशहरुका युनेस्को आयोगहरुसँग समन्वय भई प्राप्त हुन आएका वैदेशिक अवसरहरुमा नेपालको सहभागीता रहेको ।

**दिगो विकासका लक्ष्य नं. ४मा समावेश गरिएको विश्वव्यापी रुपमा गरिएका प्रतिबद्धताहरु निम्नानुसार रहेका छन् ।**

लक्ष्य ४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने,

लक्ष्य ४.१ सान्दर्भिक र प्रभावकारी सिकाइ उपलब्धि हासिल हुनेगरी सन् २०३० सम्ममा सबै बाल बालिकाले निशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गर्ने छन् भन्ने सुनिश्चित गर्ने,

१. लिङ्गका आधारमा (क) कक्षा २/३ मा, (ख) प्राथमकि

तहको अन्त्यमा, र (ग) निम्न माध्यमिक तहको अन्त्यमा (ख) पढाइ, र (आ) गणितमा कम्तिमा न्यूनतम दक्षताको तह हासिल गरेका बाल बालिकाको प्रतिशत (**विश्वव्यापी सूचक** ४.१.१)

२. (अ) प्राथमिक शिक्षाको अवधिमा, (अ) प्राथमिक शिक्षाको अन्त्यमा, र (इ) निम्न माध्यमिक शिक्षाको अन्त्यमा राष्ट्रिय स्तरको सिकाइ मूल्याङ्कन गर्ने,

३. अन्तिम कक्षाको अनुपातमा मलुक प्रवेश दर (प्राथमिक, माध्यमिक)

४. शिक्षा पुरा गर्ने दर (प्राथमिक, निम्न माध्यमिक, उच्च माध्यमिक)

५. विद्यालय बाहिर रहेका बाल बालिकाको दर (प्राथमिक, निम्न माध्यमिक, उच्च माध्यमिक)

६. कक्षागत रूपमा बढी उमेरका बाल बालिकाको प्रतिशत (प्राथमिक, निम्न माध्यमिक)

७. कानुनले तोकेको (अ) निःशुल्क, र (आ) अनिवार्य प्राथमिक र माध्यमिक शिक्षाको वर्ष अवधि **लक्ष्य** ४.२ प्राथमिक शिक्षाको लागि तयार हुने गरी सन् २०३० सम्ममा हरेक बाल बालिका गुणस्तरीय प्रारम्भिक बाल बिकास तथा पूर्व प्राथमिक शिक्षाको पहुँचमा पुगेको सुनिश्चित गर्ने,

८. लिङ्गको आधारमा स्वास्थ्य, सिकाइ र मनोसामाजिक अवस्थाको उचित विकास भएमा ५ बर्षमुनिका बाल बालिकाको अनुपात (**विश्वव्यापी सूचक** ४.२.१)

९. घरमा सकारात्मक र प्रेरणादायी सिकाइ वातावरण पाएका ५ बर्षमुनिका बाल बालिकाको प्रतिशत

१०. लिङ्गका आधारमा अर्गानाइज्ड लर्निङमा सहभागिता दर (औपचारिक रूपमा प्राथमिक तहमा प्रवेश गर्नुभन्दा १ बर्ष अगाडि (**विश्वव्यापी सूचक** ४.२.२)

११. पूर्व प्राथमिक तहको कुल भर्ना दर

१२. कानुनले निर्दिष्ट गरेको (अ) निःशुल्क, र (आ) अनिवार्य पूर्व प्राथमिक शिक्षाको वर्ष अवधि **लक्ष्य** ४.३ सन् २०३० सम्ममा सूलभ र गुणस्तरीय प्राविधिक व्यावसायिक तथा उच्च शिक्षा (विश्व विद्यालयलगायत) मा हरेक महिला तथा पुरूषको समान पहुँच सुनिश्चित गर्ने,

१३. उच्च शिक्षाको कूल भर्ना दर

१४ प्राविधिक/व्यावसायिक शैक्षिक कार्यक्रममा सहभागिता दर (१५-२४ वर्ष उमेर समूह)

१५. लिङ्गका आधारमा अगाडिका १२ महिनामा औपचारिक तथा अनैपचारिक शिक्षा र तालिममा युवा र प्रौढको सहभागिता दर (**विश्वव्यापी सूचक** ४.३.१)

**लक्ष्य** ४.४ सन् २०३० सम्म रोजगारी, सभ्य काम र उद्यमशीलताका लागि आवश्यक प्राविधिक तथा व्यवसयिमक सिप लगायतका सान्दर्भिक सिपयुक्त युवा र प्रौढको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने,

१६.१. डिजिटल साक्षरता सिपमा कम्तिमा न्यूनतम दक्षता हासिल गरेका युवा र प्रौढको प्रतिशत -

१६.२. सिपका प्रकारका आधारमा सूचना र सञ्चार प्रविधि (आइसिटी) सिप हासिल गरेका युवा र प्रौढको प्रतिशत (**विश्वव्यापी सूचक** ४.४.१)

१७. उमेर समूह, आर्थिक क्रियाकलापकको स्तर, शैक्षिक तह र कार्यक्रमको ओरियन्टेशनका आधारमा युवा/प्रौढको शैक्षिक उपलब्धि दर र सङ्कटासन्न अवस्थाका बाल बालिकालगायत सङ्कटासन्न सबैको पहुँच सुनिश्चित गर्ने, सबै शैक्षिक सूचकका लागि तथ्याङ्क उपलब्ध भएसम्म यो सूचीमा भएका समता सूचकहरू (महिला/पुरूष, गाउँ/सहर, सम्पत्तिका आधारमा तलदेखि माथिसम्म गरी ५ तह र अन्य जस्तै अपाङ्ग, आदिवासी र द्वन्द्व प्रभावित) यिनलाई छुट्टा छुट्टै राख्न सकिन्छ (**विश्वव्यापी सूचक** ४.५.१)

१८. प्राथमिक तहमा शिक्षणको भाषा आफ्नो पहिलो भाषा वा मातृभाषा भएका विद्यार्थीको प्रतिशत

१९. नीतिगत रूपमा नै शैक्षिक स्रोत साधनलाई पिछडिएकाहरूका लागि पुर्नवितरण गर्ने मात्रा

२०. शैक्षिक तहमा र आर्थिक स्रोतका आधारमा शिक्षामा हुने प्रति विद्यार्थी खर्च

२१ न्यून आय भएका मुलुकको शिक्षाका लागि प्रदान गरिने कुल सहायताको प्रतिशत

**लक्ष्य** ४.६ सन् २०३० सम्ममा युवा युवती सबै र प्रौढ महिला तथा पुरूष दुबैको एउटा ठूलो हिस्साले साक्षरता र गणितीय सिप हासिल गर्ने सुनिश्चित गर्ने,

२२. लिङ्गका आधारमा कार्यमूलक (अ) साक्षरता, र (आ) गणितीय सिपको दक्षताको कम्तिमा एउटा निश्चित तह हासिल गरेका निश्चित उमेर समूहका जनसङ्ख्याको प्रतिशत (**विश्वव्यापी सूचक** ४.६.१)

२३. युवा/प्रौढ साक्षरता दर

२४. साक्षरता कार्यक्रममा युवा प्रौढको सहभागिता दर

**लक्ष्य** ४.७ सन् २०३० सम्ममा दिगो विकासका लागि शिक्षा र दिगो जीवन शैली मार्फत सबै विद्यार्थीले अन्य कुराहरूका अतिरिक्त मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृति प्रवर्धनका लागि आवश्यक पर्ने ज्ञान र सिपहरू हासिल गर्ने छन् भन्ने सुनिश्चित गर्ने

२५. (अ) विश्वव्यापी नागरिक शिक्षा, र (आ) लैङ्गिक समानता तथा मानव अधिकार समावेश भएको दिगो विकास शिक्षालाई हरेक तहका (क) राष्ट्रिय शिक्षा नीति, (ख) शिक्षक शिक्षा, (ग) पाठ्यक्रम, र (घ) विद्यार्थी मूल्याङ्कनमा गरिएको मूल

प्रवाहीकरणको मात्रा (विश्वव्यापी सूचक ४.७.१)

२६. विश्वव्यापी नागरिक र दिगोपन सम्बन्धी मुद्दालाई उमेर (वा शैक्षिक तह) अनुसार बुझ्न सक्ने विद्यार्थीको प्रतिशत

२७. वातावरण विज्ञान र भूगर्भ विज्ञानको ज्ञानको दक्षता प्रदर्शन गर्न सक्ने १५ वर्ष उमेरका विद्यार्थीको प्रतिशत

२८. जीवनोपयोगी सिपमा आधारित एचआईभी तथा यौन शिक्षा प्रदान गर्ने विद्यालयको प्रतिशत

२९. मानव अधिकार शिक्षा सम्बन्धी विश्व कार्यक्रमको कार्य ढाँचालाई राष्ट्रिय स्तरमा गरिएको कार्यान्वयनको मात्रा (UNGA) रिजोल्युसन नं. ५९/११३ बमोजिम) लक्ष्य ४ क. बाल मैत्री आपाङ्ग मैत्री र लैङ्गिक मैत्री शैक्षिक सुविधाहरूको निर्माण तथा स्तरोन्नति गर्ने सबैलाई सुरक्षित, अहिसात्मक, समावेशी तथा प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने

३०-३२ (क) विद्युत (ख) शैक्षणिक उद्देश्यका लागि इन्टरनेट, (ग) शैक्षणिक उद्देश्यका लागि कम्प्युटर, (घ) अपाङ्गता भएका विद्यार्थीका लागि अनुकुलित पूर्वाधार र सामाग्रीहरू (ङ) आधारभूत खानेपानी, (च) छुट्टा छुट्टै लिङगका लागि छुट्टा छुट्टै आधारभूत सर सफाइ सुविधा, र (छ) हात धुने आधारभूत सुविधा (पानी, सर सफाई र स्वास्थ्य (Wash) सूचकले परिभाषित गरेबमोजिम) भएका विद्यालयको प्रतिशत (**विश्वव्यापी सूचक** ४.क.१)

३३. हेपाई (वुलिङ), शारीरिक सजाय, शोषण, हिंसा, लैङ्गिक विभेद तथा दुर्व्यवहार खेपि रहेका विद्यार्थी प्रतिशत

३४. विद्यार्थी, कर्मचारी र शैक्षिक संस्थामाथि हुने आक्रमणको संख्या

**लक्ष्य ४ ख** सन् २०२० सम्ममा विकाशील देशहरू खास गरी अति कम विकसित देश, विकासशील साना टापु राष्ट्र र अफ्रिकी देशहरूका लागि विकसित देश र अन्य विकाशील देशहरूमा व्यवासायिक तालिम र सूचना प्रविधि, प्राविधिक इन्जिनियरिङ र विज्ञानसँग सम्बन्धित कार्यक्रमहरू लगायतका उच्च शिक्षामा भर्नाका लागि विश्वव्यापी रूपमा छात्रवृत्तिको सङ्ख्या

३५. लाभाविन्त देश अनुसार उच्च शिक्षामा प्रदान गरिने छात्रवृत्तिको उलेख्य विस्तार गर्ने

३६. क्षेत्र र अध्ययनको प्रकार अनुसार छात्रवृत्तिका लागि प्रवाह गरिने औपचारिक विकास सहयोगको मात्रा (**विश्वव्यापी सूचक** ४. **ख**. १.)

**लक्ष्य ४ ग** सन् २०३० सम्मा विकासशील राष्ट्रहरू खास गरी अधिक तम विकासित र विकासशील साना टापु राष्ट्रमा अन्तर्राष्ट्रिय सहयोगमार्फत् शिक्षकलाई तालिम उपलब्ध गराई उल्लेख्य मात्रामा योग्य शिक्षकहरू पूर्ति गर्ने

३७. शैक्षिक तहमा तथा संस्थाहरूको प्रकारका आधारमा राष्ट्रिय मापदण्डबमोजिमका योग्य शिक्षकको प्रतिशत

३८. शैक्षिक तहअनुसार विद्यार्थी योग्य शिक्षको अनुपात

३९. सम्बन्धित देशका सम्बन्धित तहका लागि चाहिने कम्तीमा न्यूनतम संस्थागत पूर्व सेवाकालिन तालिम (जस्तै शिक्षक सम्बन्धी तालिम) लिएका (क) पूर्व प्राथमिक (क) प्राथमिक (ग) निम्न माध्यमिक र (घ) उच्च माध्यमिक तहका शिक्षकको अनुपात (**विश्वव्यापी सूचक** ४. **ग**. १.)

४०. शैक्षिक तहअनुसार विद्यार्थी/तालिम प्राप्त शिक्षक अनुपात

४१. समान शैक्षिक योग्यता चाहिने अन्य पैसाका तुलनामा शिक्षकको औसत तलव

४२. शैक्षिक तह अनुसार शिक्षक अवकास दर

४३. तालिमको प्रकारअनुसार गएको १२ महिनामा सेवाकालिन तालिम लिएका शिक्षक प्रतिशत ।


**प्रमुख सल्लाहकार**
श्री खगराज बराल

**विशेष सल्लाहकार**
डा. बाबुराम अधिकारी

**सल्लाहकार**
श्री खगराज पौड्याल

**सम्पादक**
श्री विष्णुप्रसाद अधिकारी (भाषा सम्पादक)
श्री शंकर अधिकारी
श्री कुमार बस्नेत

**कम्प्युटर**
श्री उषा पोखरेल
श्री पदमराज जोशी

**व्यवस्थापक**
श्री शिवप्रसाद सुयल
श्री शिवराम बस्नेत
श्री चेतन प्रसाद गौतम

**व्यवस्थापन सहयोगी**
श्री सुरेन्द्र महर्जन
श्री शारदा अधिकारी
श्री निर्मल कुमार चौधरी
श्री शेर बहादुर तामाङ

United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

**प्रकाशक**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाडौं
फोन नं. ४२०५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
इमेलः unesconatcomnepal@gmail.com
वेवसाइट : www.nncu.org.np

मुद्रक : **जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स**
अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०५५२९, jugalprinters2008@gmail.com